आज मिति २०८१ मंसिर १० गते सोमबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिकाको वैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ६१ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

**उपस्थितिः**

| | |
|---|---|
| नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| नगर उप प्रमुख श्री पुष्प राज खनाल | सदस्य |
| वडा नं १ का वडा अध्यक्ष श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| वडा नं २ का वडा अध्यक्ष श्री लक्ष्मण शाही | सदस्य |
| वडा नं ३ का वडा अध्यक्ष श्री देउ बहादुर पौडेल | सदस्य |
| वडा नं ४ का वडा अध्यक्ष श्री बलराम पराजुली | सदस्य |
| वडा नं ५ का वडा अध्यक्ष श्री शङ्ख बहादुर सार्की | सदस्य |
| वडा नं ६ का वडा अध्यक्ष श्री गोविन्द चिलुवाल | सदस्य |
| वडा नं ७ का वडा अध्यक्ष श्री मोहन लाल श्रेष्ठ | सदस्य |
| वडा नं ८ का वडा अध्यक्ष श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| वडा नं ९ का वडा अध्यक्ष श्री लुविन्द्र गुरुङ | सदस्य |
| वडा नं १० का वडा अध्यक्ष श्री लक्ष्मण गुरुङ | सदस्य |
| नगर कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| नगर कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| नगर कार्यपालिका सदस्य श्री बिन्दु बि.क | सदस्य |
| नगर कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| नगर कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| नगर कार्यपालिका सदस्य श्री बिमला कुमाल | सदस्य |
| नगर कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| नगर कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री धनेश्वर पौडेल | सदस्य सचिव |

**अन्य उपस्थितिः**

पूर्ण बहादुर अछामी- उपसचिव (अधिकृतस्तर दशौं तह)
तुल बहादुर वि.क. – बरिष्ठ प्रशासकीय अधिकृत
नानी बाबु ढकाल- जनस्वास्थ्य अधिकृत
शिव पौडेल- लेखा अधिकृत
बिमला वाग्ले- प्रशासकीय अधिकृत
इन्दु रेग्मी – कृषि अधिकृत
सिजन देवकोटा- सूचना प्रविधि अधिकृत
मञ्जु भण्डारी- सब-इन्जिनियर

मिति २०८१/०८/१० गतेको नगरकार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

हाल १ देखि ८ नं वडाहरुमा सडक बत्ती जडान कार्यको समीक्षा गर्दा नगरपालिकाले अपेक्षा गरे अनुरुपको नै भइरहेको र यसको पूर्ण कार्यान्वयन पश्चात बजेट अवस्थाका आधारमा थप निर्णयहरु गर्ने निर्णय भयो।

निर्णय नं. २

राइनास नगर कार्यपालिकाको मिति २०८१।०५।११ को निर्णय अनुरुप यही मंसीर २० गते सम्म अनाधिकृत प्रयोग, निर्माण भएका संरचना हटाउन/भत्काई लैजान सूचना गरे अनुरुप सोही समयभित्र हटाउन वडा नं. ६ को शैलपुत्री मा.वि. अगाडि रहेका घरहरु भत्काउन सम्बन्धित व्यक्तिहरुका नाममा पत्र बनाई पठाउने निर्णय भयो।

निर्णय नं ३

यस नगरपालिकाको नगर शिक्षा योजना तयार गर्नका लागि निम्नानुसारका पदाधिकारी सम्मिलित नगर शिक्षा योजना तर्जुमा समिति गठन गरी प्रस्तावित योजना तयार गर्न कार्यदिश दिने निर्णय भयो।

| | |
|---|---|
| संरक्षक | नगर प्रमुख |
| | नगर उप प्रमुख |
| संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | सामाजिक विकास समिति संयोजक |
| सदस्य | कृष्ण राज ओलिया |
| सदस्य | अच्यूत बाबु घिमिरे |
| सदस्य | रबिन्द्र न्यौपाने |
| सदस्य | शिब शंकर नराल |
| सदस्य | कुमार नाथ न्यौपाने |
| सदस्य | रामकुमार नेपाली |
| सदस्य सचिव | पूर्ण बहादुर अछामी |

निर्णय नं ४

SEE को नजीजामा थप सुधार तथा विद्यार्थीहरुको गुणस्तर अभिवृद्धि गर्न विद्यार्थीहरुलाई विद्यार्थी संख्या बमोजिम शिक्षा शाखाबाट पेश भएको अनुपातका आधारमा थप शिक्षण कक्षा (Tuition) सञ्चालन गर्न र सो वापतको व्ययभारमा अभिभावकहरुलाई सहयोग पुऱ्याउन रु ५,५०,०००/- (अक्षरुपी रु पाँच लाख पचास हजार) सम्मको रकम आगामी नगर सभाबाट पारित गर्ने गरी कार्यान्वयन गर्न निर्देशन दिने। भुक्तानी नगर सभाबाट पारित भए पश्चात गर्ने निर्णय भयो।

निर्णय नं ५

राइनासटार सिंचाइ योजना (नहर) का अभिलेखहरु विद्युतीय प्रविष्टी (Digitize) गर्न नगरपालिका, सिष्टम डेभ्लपर र नहर व्यबस्थापन समिति बीच २०८१।०८।०९ गते भएको छलफल अनुरुप सबै पक्षले आ-आफ्ना तयारीहरु पूरा गरी पुस पहिलो हप्ता हुने छलफलमा सहभागी हुने निर्णय भयो।

निर्णय नं ६

राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा र राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका वडा कार्यालय, विषयगत शाखा, कार्यक्रम, आयोजना, परियोजना, स्वास्थ्य चौकी, स्वास्थ्य संस्था आदिमा

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद २०८१।०७।०१ देखि समाप्त भएको हुँदा सो मितिबाट तीन महिना (२०८१ पौष मसान्त सम्म) थप गर्ने निर्णय भयो।

**निर्णय नं. ७**

राइनास नगरपालिका वडा नं. ४ मा निर्माण भइरहेको नगर अस्पताल करिब अन्तिम चरणमा पुग्न लागेको, ठेकेदारले आर्थिक समस्याका कारण पूर्ण रुपमा निर्माण गर्न कठिनाई भएको व्यहोरा अनुरोध गरेको आधारमा, प्राविधिक शाखाबाट प्राप्त प्रतिवेदनको आधारमा रनिङ बिल भुक्तानी दिन निर्देशन दिने निर्णय भयो।

**निर्णय नं. ८**

नगरपालिकाले खरिद गरेको JCV यथाशीघ्र नगरपालिकाको नाममा नामसारी गर्न ताकेता पत्र पठाउने निर्णय भयो।

**निर्णय नं. ९**

हाल राइनास नगरपालिका वडा नं. १० मा हिमालयन बैंक लि. दुधपोखरी शाखाबाट सामाजिक सुरक्षा भत्ता वितरण हुँदै आएकोमा अब देखि राइनास शाखाबाटै वितरण व्यवस्था मिलाउन हिमालयन बैंकलाई पत्राचार गर्ने निर्णय भयो।

**निर्णय नं.१०**

संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पर्यटन बोर्डबाट यस नगरपालिकाको वडा नं. ९ राइनासकोटमा स्तुपा निर्माण गरी पर्यटन प्रवर्द्धनमा सहयोग गर्न अनुरोध गर्ने निर्णय भयो।

**निर्णय नं.११**

राइनास नगरपालिका वडा नं. ६ श्री शैलापुत्री नमुना मा.वि. मा छात्रावास भवन निर्माणका लागि आवश्यक सहयोग गर्न राष्ट्रिय योजना आयोग, सिंहरदबारलाई अनुरोध गर्ने निर्णय भयो।

**निर्णय नं. १२**

राइनास नगरपालिकाले आ.ब. २०८१।८२ मा सार्वजनिक जग्गा नापजाँच कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरेको। गत आ.ब. को रकमबाट आवश्यक उपकरण सामाग्रीहरु समेत खरिद भई नाप जाँच कार्यलाई निरन्तरता दिन प्राविधिक सेवा (अमिन) अत्यावश्क हुने। उक्त कर्मचारी फिल्डमा नै निरन्तर रहनुपर्ने तथा कार्यालयमा रहेको अमिन १ बाट नक्सापास लगायत कार्यका लागि कार्यालयमा नै रहनुपर्ने हुँदा उक्त कार्यक्रमको रकमबाट व्यहोर्ने गरी यस नगरपालिकामा सोही कार्यमा अनुभव प्राप्त भई हाल स्थायी कर्मचारी हाजिर भए पश्चात विस्थापित हुनुभएका अमिन श्री रमेश चिलुवाललाई मासिक ज्यालादारीमा राखी कार्यान्वयन गर्न प्रभावकारी हुने भएकाले मिति २०८१।०८।१२ गते देखि मासिक रु ३२,९०२ (बत्तीस हजार नौ सय दुई) मा ज्यालादारीमा राख्ने निर्णय गरियो।

**निर्णय नं.१३**

राइनास नगरपालिका वडा नं. ९ स्थित जोगीडाँडा डिल्ले खोला बाटो मर्मत कर्यको काम अकस्मात पहिरोले क्षति पुर्‍याउको हुँदा सम्बन्धित कार्यका लागि भएको खर्च प्राविधिक मूल्याङ्कन अनुसारको रकम रु ६४,०९७/- विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय भयो।

**निर्णय नं.१४**

भोटेवडार प्रहरी चौकीको कार्यक्षेत्र अन्तर्गत पर्ने यस नगरपालिकाका विभिन्न सुरक्षा कार्यका लागि त्यस कार्यालयका सवारी साधन मर्मत गर्नुपर्ने र बजेट रकम नभएको कारण सहायताका लागि माग गरेको हुँदा

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

आर्थिक सहायता शीर्षकबाट रु २५,०००/- सम्मको मर्मत सम्भार बील प्राप्त गरी शोधभर्ना भुक्तानी दिइ सहयोग गर्ने निर्णय भयो।

निर्णय नं.१५

मनाङ जिल्ला नासो गाउँपालिकामा रहेको पजेरो गाडी राइनास नगरपालिकाको प्रयोजनका लागि राइनास नगरपालिकामा ल्याउने निर्णय भयो।

निर्णय नं.१६

वडास्तरिय मेयर कपका लागि वडा नं. ९ लाई खेलकुद शीर्षकमा रहेको रु १५ लाख मध्येबाट रु १ लाख ५० हजार दिने निर्णय भयो।

निर्णय नं.१७

यस नगरपालिका र मित्र राष्ट्र जर्मनीको Detmold नगरपालिका बीच दिगो विकास लक्ष्य कार्यान्वयनमा 12 December 2023 मा भएको समझदारी तथा राइनास नगरपालिका तथा Detmold नगरपालिका बीच भगिनी सम्बन्ध कायम गर्न नेपाल सरकारको स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने। साथै Detmold नगरपालिका जर्मनीबाट राइनास नगरपालिकामा आउनुहुने पाहुनाहरु (Delegates) लाई आवश्यक भिषा सहुलियत एवम् समजीकरणका लागि समेत अनुरोध गर्ने निर्णय भयो।

निर्णय नं.१८

राइनास नगरपालिकाको हर्रबोट-मोहोरियाकोट-राइनासकोट-प्यार्जुङ-गौडा सडक संघीय सरकारको सहयोगमा स्तरोन्नती (पिच, नाला, कल्भर्ट आदि) कार्य भइरहेकोमा हाल बजेट कम भई काम अधुरो हुन गएको हुँदा उक्त सडकको स्तरोन्नती गर्न बहुबर्षीय कार्यक्रममा राखी डि.पि.आर. अनुसार निरन्तरता दिन संघीय शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय भयो।

निर्णय नं.१९

यस नगरपालिकाको आन्तरिक आय अन्तर्गत प्राकृतिक स्रोत (ढुङ्गा, गिटी, बालुवा) को ठेक्का २ पटक सम्म आह्वान गर्दा समेत ठेक्का नलागेको प्याकेज नं. २/RAINAS/081-82 को काम गर्न इच्छुक छु भनी चम्पावती निर्माण सेवा बेसीशहरले निवेदन गरेको हुँदा कार्यालयबाट तोकेको रकम मु.अ. कर र सेवा शुल्क बाहेक रु ५,४७,८४०.६३/- मा नघट्ने गरी अग्रीम रकम लिई ठेक्का सम्झौता गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने।

निर्णय नं.२०

राइनास नगरपालिका वडा नं. ९ स्थित पहिरो पानीमा पहिरो नियन्त्रणका कार्यका लागि रु १,५३,११३/- (अक्षरुपी रु एक लाख त्रिपन्न हजार एक सय तेर रुपैयाँ मात्र) खर्च भएको हुँदा उक्त रकम विपद् व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय भयो।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

राइनास नगरपालिका
नगर कार्यपालिका कार्यालय
तिलपिले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८१ मंसिर २४ गते सोमबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिकाको बैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ६२ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

उपस्थितिः

| | |
|---|---|
| नगर प्रमुख खड्ग बहादुर गुरुङ | -अध्यक्ष |
| उप प्रमुख पुष्पराज खनाल | -सदस्य |
| वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल | -सदस्य |
| वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही | -सदस्य |
| वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल | -सदस्य |
| वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम पराजुली | -सदस्य |
| वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की | -सदस्य |
| वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल | -सदस्य |
| वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ | -सदस्य |
| वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट | -सदस्य |
| वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लुविन्द्र गुरुङ | -सदस्य |
| वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ | सदस्य |
| नगर कार्यपालिका सदस्य नानुमाया लामा | -सदस्य |
| नगर कार्यपालिका सदस्य सोचना लौडारी | -सदस्य |
| नगर कार्यपालिका सदस्य कल्पना सुनार | -सदस्य |
| नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ | -सदस्य |
| नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी | -सदस्य |
| नगर कार्यपालिका सदस्य सुक बहादुर वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विन्दु वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विमला कुमाल | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत धनेश्वर पौडेल | -सदस्य सचिव |

अन्य उपस्थितिः

सुल बहादुर वि.क. – बरिष्ठ प्रशासकीय अधिकृत/बैठक व्यवस्थापक

विमला वाग्ले – पुरातत्वीय अधिकृत

शिव पौडेल – लेखा अधिकृत

राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

मिति २०८१/०८/२४ गतेको नगरकार्यपालिका बैठकका निर्णयहरुः

<u>निर्णय नं. १</u>

उच्च अदालत पोखराको रिट शाखा 081-WO-0098/198 मिति २०८१।०८।२० मा यस राइनास नगरपालिका, नगर कार्यपालिका कार्यालयको नाउँमा जारी भएको १५ (पन्ध्र) दिने सूचना म्याद बमोजिमको मुद्धामा छलफल गर्न र लिखित जवाफ पेश गर्न नगरपालिकाको नगर उप प्रमुख श्री पुष्पराज खनाललाई प्रतिनिधि तोक्ने निर्णय भयो।

<u>निर्णय नं. २</u>

यस नगरपालिका अन्तर्गत कक्षा १ देखि ३ सम्म अध्ययनरत अपाङ्गता भएका विद्यार्थीको विवरण पहिचान गरी IEMIS प्रणालीमा प्रविष्टि गर्न शिक्षा यूवा तथा खेलकुद शाखालाई निर्देशन गर्ने।

<u>निर्णय नं. ३</u>

जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगितामा सहभागी भई यस राइनास नगरपालिकाबाट द्वितीय स्थान प्राप्त गर्ने श्री शैलपुत्री मा.वि. का शौरभी भुजेललाई आर्थिक सहायता शिर्षकबाट रु.२ हजार र प्रदेश स्तरीय निबन्ध प्रतियोगितामा सहभागी भई द्वितीय स्थान प्राप्त गर्ने श्री सौभाग्योदय मा.वि. का सुनिल श्रेष्ठलाई आर्थिक सहायता शिर्षकबाट रु.३ हजार पुरस्कार दिने निर्णय भयो।

<u>निर्णय नं. ४</u>

नगरपालिकाबाट चालु आर्थिक बर्ष २०८१/०८२ मा स्वीकृत कार्यक्रमहरु मध्ये उपभोक्ता समितिबाट कार्य गराउने योजनाको हकमा २०८१ पौष ७ गते भित्र उपभोक्ता समिति गठन गर्ने र कार्यलाई प्रभावकारी बनाउने निर्णय भयो।

<u>निर्णय नं. ५</u>

यस नगरपालिकाको वडा नं. ९ र १० को वडा कार्यालय भवन नभएको कारण सेवा प्रवाहमा समस्या भएकाले वडा कार्यालय भवन निर्माण गर्न गण्डकी प्रदेश सरकारमा सिफारिस गरी पठाउने निर्णय भयो।

<u>निर्णय नं. ६</u>

सडक बत्ती जडान सम्बन्धी कार्य सम्पन्न भएको तर केही स्थानमा नपुग भएकोले उक्त स्थानमा बत्ती जडानका लागि लागत अनुमान तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय भयो।

<u>निर्णय नं. ७</u>

वडा नं. १० को सडक सरसफाई गरेको भुक्तानी गर्न बाँकी रकम प्राविधिक र योजना शाखाको प्रतिवेदन लिई विपद् शीर्षकबाट भुक्तानी गर्ने निर्णय भयो।

<u>निर्णय नं. ८</u>

नेपाल निवृत शिक्षक समाज लमजुङले शैक्षिक अन्तरक्रिया कार्यक्रम सञ्चालनका लागि आर्थिक स्रोत उपलब्ध गराई कार्यक्रम सञ्चालनका लागि सहयोग माग गरेकोमा प्रस्ताव बमोजिमको रकम रु.३७,०००/- (अक्षरुपी रु सैंत्तिस हजार रुपैंया मात्र) नगरपालिकाको आर्थिक सहायता शिर्षकबाट भुक्तानी गर्ने निर्णय भयो।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

राइनास नगरपालिका
नगर कार्यपालिका कार्यालय
तिनीपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ९

वडा नं. १ को कार्यालय र ऋषिकेश घिमिरे बीचमा मिति २०७६।०६।०१ मा पाँच बर्षको लागि फोहरमैला व्यवस्थापन गर्न १-३-०-० क्षेत्रफलको जग्गा भाडामा लिने दिने सम्झौता भए अनुरुपको रु ५०,०००/- (अक्षरुपी रु पचास हजार रुपैया मात्र) जग्गाधनी श्री ऋषिकेश घिमिरेलाई यस बर्षको स्वीकृत बार्षिक कार्यक्रमको क.सं. ६३ शीर्षक नं. ५०६.२१.१.२२ को रु १ लाख मध्येबाट भक्तानी दिने।

निर्णय नं. १०

यस नगरपालिका भित्र प्राकृतिक निर्माण सामाग्रीहरु (ढुङ्गा, गिट्टी, बालुवा,माटो आदि) डम्पिङ गरिरहेका व्यवसायीहरुको मौज्दात सामाग्रीको प्राविधिक कर्मचारीबाट नापजाँच गर्ने, प्रमाणित गर्ने र सो को व्यवसायीहरुले नगरपालिकालाई बुझाएको राजश्वको प्रमाण लिन। बुझाएको राजश्व भन्दा बढी परिमाण पाइएको खण्डमा उक्त परिमाणको राजश्व बुझाउन लगाउने।

निर्णय नं. ११

यस नगरपालिकाबाट तेस्रो पटको सूचना गर्दा पनि प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा) को ठेक्का नलागेका घाटहरुमा नगरपालिकाले तोकेको दररेट नघट्ने गरी कुनै निर्माण व्यवसायी फर्महरुले ठेक्का लिन चाहेमा अग्रीम एकमुष्ठ राजश्व प्राप्त गरी ठेक्का दिन नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने। यस क्रममा भक्ति कन्स्ट्रक्सन प्रा.लि. ले वडा नं. १ को घाट रु १,२२,८२३/- (मू.अ. कर सहित) बुझाउन मन्जुर छ भनी अनुरोध गरेकोले उक्त रकम प्राप्त भएपश्चात ठेक्का सम्झौता गर्ने।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत